महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७

देवानगञ्ज गाउँपालिका
सुनसरी

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखा[illegible]निर्देशनालय
प्रदेश [illegible]

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७

च.नं : ५९६

मिति: २०७७/३/३१

श्री अध्यक्षज्यू,
देवानगञ्ज गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व वाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन् । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखा परीक्षण निर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७
च.नं. ५९६

मिति : २०७७।३।३१

श्री अध्यक्षज्यू,
देवानगञ्ज गाउँपालिका,
सुनसरी ।

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले देवानगञ्ज गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. देवानगञ्ज गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. २ करोड ५३ लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये नियमित गर्नुपर्ने रु. ७१ लाख ६४ हजार र पेश्की बाँकी रु.१ करोड ८१ लाख ८५ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना एघार (११) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

.....
(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

देवानगँञ्ज गाउँपालिका गाउँ कार्यपालिको कार्यालय, सुनसरी
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । १ नं. प्रदेशमा अवस्थित यो गाँउपालिका अन्तर्गत वडा ७ , नगर सभा सदस्य ३९ , क्षेत्रफल ५३.५६ वर्ग कि.मी. र जनसंख्या ३५०६८ रहेको छ ।

स्थानीय सञ्चितकोष :आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

सि.न	आय तर्फ		सि.न	व्यय तर्फ	
	विवरण	**रकम**		**विवरण**	**रकम**
१.	**गत वर्षको जिम्मेवारी**	६९४१५०९९.२२	**१.**	**चालु खर्च**	१६१९१७४५०.२५
२.	आन्तरिक आम्दानी		**२.**	**पुँजीगत खर्च**	१५०३९३८८४.२१
३.	राजश्व वाँडफाँड	५८६५२२९०.८६	**३.**	**संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम**	
४.	मालपोत प्राप्त	५३३११४२.००		जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम	३७६२९०००.००
५.	**संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम**	०.००			
५.१.	जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम	३७६२९०००.००			
५.२.	गरिवसंग विश्वेश्वर कार्यक्रम	३९४०००.००			
५.३.	तराई मधेश समृद्धि कार्यक्रम	७३०८३७५.००			
५.४.	स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	४९७८६००.००			
५.५.	प्रधानमन्त्री रोजगार कार्यक्रम	२११३४९६.००			
५.६.	कृषि व्यवसाय प्रवर्धन कार्यक्रम	२९७६९४१.००	**४.**	**धरौटी फिर्ता खर्च**	१८६३५५.००
५.७.	प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	२९८५००.००	**५.**	**बैंक मौज्दात**	९५६५५१७०.४८
६.	**संघीय सरकार तर्फ**	०.००			
	वित्तीय समानीकरण	११४५००००००.००			
	शशर्त अनुदान	१२२३७२३७१.८६			
७.	**प्रदेश सरकार तर्फ**	०.००			
	वित्तीय समानीकरण	३७६४०००.००			
	शशर्त अनुदान	८५८१०८६.००			
८.	**विभिन्न कोष तगा धरौटी जिम्मेवारी**	७४६६९५८.००			
	जम्मा	**४४५७८१८५९.९४**		**जम्मा**	**४४५७८१८५९.९४**

नोट : संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तरगतका गरिवसंग विश्वेश्वर तर्फको रु ३९४०००।००, तराई मधेश समृद्धि कार्यक्रम तर्फको रु ३७०८३७५, स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम तर्फको रु ४९७८६००।००, प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको रु २११३४९६।००, कृषि व्यवसाय प्रवर्धन कार्यक्रम तर्फको रु २९७६९४१।०० र प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम तर्फको रु २९८५००।०० चालु र पुँजिगत खर्चमा समोश गरेको छ ।

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
	लेखापरीक्षणका क्रममा असुली : सामाजिक सुरक्षा दोहोरो भत्ता रु ८०००। र आम्दानी घटी दाखिला गरेको रु ५४२६२। , वढी तलब निकासा रु ३४४५।२०, स्थानीय सञ्चित कोषमा दाखिला गरेको रकम संघीय सञ्चित कोष वेरुजु खातामा दाखिला गर्नुपर्ने रु ३४००१।००, घटी वैंक दाखिला रु ११२०।०० समेत रु १००८२८।०० वेरुजु खातामा दाखिला भएको छ ।	
१.	**विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषको व्यवस्थापन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा, कार्यान्वयन,आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका,२०७४ को वूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले SUTRA प्रयोगमा ल्याएको भएपनि यस सम्वन्धी ज्ञानको अभावका कारणले यथार्थ आर्थिक चित्रण हुनेगरी प्रयोग तथा उपयोग गर्न सकेको देखिएन । आन्तरिक नियन्त्रणका लागि कार्यक्रम र भौचर लगायतका तथ्याङक प्रविष्टी गर्ने तथा सोको चेक जाँच र स्वीकृती गर्ने कर्मचारी र यूजर आइडि फरक हुनु पर्नेमा एउटै भएकोले आन्तरिक नियन्त्रण पक्ष कमजोर रहेको देखिन्छ । अत: SUTRA प्रयोगका सम्वन्धमा तालिम प्रदान गरेर भएपनि यस प्रणाली मार्फत व्यवस्थित रुपमा लेखा राख्ने व्यवस्था गर्नुपर्दछ ।	
२.	**वित्तीय बिबरण:** प्राप्त एकीकृत आय व्यय बिबरण अनुसार रु. ४४५७८१८५९.९४ आय व्यय कारोबार भएको देखिन्छ । एकीकृत आर्थिक विवरण तयार गर्दा लेखा नीति खुलासा नगरेको, वित्तीय बिबरण स्वीकृत ढांचामा नराखेको, समानीकरण, सर्शत र बिषयगत एवं कन्टिन्जेन्सी र मर्मत संभार कोषतर्फको बेग्लाबेग्लै लेखा स्रेस्ता नराखी चालु र पूजिंगतको मात्र स्रेस्ता राखेको, बैंक नगदी किताव अद्यावधिक र प्रमाणित नभएको, बजेट सिट नराखेको, दैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको एवं आम्दानी असूली एवं दाखिला म.ल.प.फा.नं २३ नराखेको लगायतको कारण प्राप्त एकीकृत आय व्यय बिबरणमा उल्लेख भएका आय व्यय रकम भिडान गर्ने प्रमाणित अभिलेख एवं खाता नरहेको कारण एकीकृत आय व्यय बिबरणको यथार्थतामा आश्वस्तता हुनसक्ने अबस्था देखिएन ।	
३.	**गतवर्षको जिम्मेवारी :** गत आर्थिक वर्षको अन्त्यमा रु ६,२२,३२,४९२।७५ मौज्दात बाँकी रहेको देखिन्छ । सोही रकम यो वर्ष जिम्मेवारी सार्नुपर्नेमा रु ६,४२,५६,३५४।९१ सारेको देखिएकोले रु २०,२३,८६२।१६ बढी जिम्मेवारी सारेको देखिएको छ । उक्त बढी जिम्मेवारी सारेको रकम संघीय सरकार तथा प्रदेश सरकार तर्फको सशर्त अनुदान मध्येको बाँकी रकम हुन सक्ने भएकोले स्पष्ट गरी हिसाव मिलान गर्नुपर्ने देखिएको छ ।	
४.	**आर्थिक वर्षको अन्त्यमा बाँकी :** प्राप्त आर्थिक विवरण र श्रेस्ता अनुसार आर्थिक वर्षको अन्त्यमा बाँकी रु ९,५६,५१,१७१।६८ रहेको देखिएकोमा बैंक मौज्दात प्रमाण पत्र अनुसार रु ९,७३,२९,१७०।६८ बाँकी रहेको देखिएको छ । श्रेस्ताले देखाएको भन्दा बैंकले रु १६,६०,९९९। बढी देखाएको (धरौटी रु १७,०००।बाहेक)छ । कार्यालयले वैंक समाधान विवरण तयार नगरेकोले मौज्दात सम्वन्धमा यकिन गर्न सकिएन । उक्त रकम संघीय सशर्त अनुदान र प्रदेश सरकार सशर्त अनुदान तर्फको निकासा रकम मध्येबाट बाँकी रहेको हुन सक्ने भएकोले स्पष्ट गरी हिसाव मिलान गर्नुपर्ने ।	
५.	**धरौटी बाँकी :** आर्थिक वर्षको अन्त्यमा धरौटी मौज्दात श्रेस्ता अनुसार रु २६,४२,४०१। बाँकी रहेको देखिएकोमा बैंक मौज्दात प्रमाण पत्र अनुसार रु २६,५९,४०१। बैंक बाँकी देखिएको छ । श्रेस्ताले देखाएको भन्दा बैंक मौज्दात रु १७,०००। बढी देखिएको सम्बन्धमा वैंक समाधान विवरण तयार गरी हिसाव मिलान गर्नुपर्ने देखिएको छ ।	
६.	**बिभिन्न कोष र धरौटी जिम्मेवारी:** आर्थिक विवरणमा गत आ.व.को अ.ल्या.को धरौटी आम्दानी, कन्टीन्जेन्सी र मर्मत कोष भनी रु ७४,६६,९५८। आम्दानी (निकासा) र रु १,८६,३५५। खर्च देखाई रु ७२,८०,६०३। बाँकी देखाएको छ । धरौटी आम्दानी रु २८,२८,७५६। (गतवर्षको जिम्मेवारी रु १,८३,९६६। समेत) गरेको र रु १,८६,३५५। फिर्ता खर्च गरी रु २६,४२,४०१। बाँकी रहेको देखाएको छ । आर्थिक विवरणमा उक्त शिर्षकमा रु ७२,८०,६०३। बाँकी रहेको देखिएकोले धरौटीको बाँकी रकम रु २६,४२,४०१। कटाई बाँकी रहेको रु ४६,३८,२०२। सम्बन्धमा स्पष्ट नभएकोले सो बाँकीको आम्दानी खर्चको विवरण तथा पुष्ट्याइ गर्ने प्रमाण पेश हुनुपर्ने देखिन्छ ।	
७.	**निकासा र खर्च :** बार्षिक बजेट निकासा रु १३,६६,१७,०००। भई रु १२,२३,७२,३७१।८६ खर्च भएको र रु १,४२,४४,६२८।१४ बाँकी रहेकोमा बाँकी रकम निम्न अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयमा	

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
	फिर्ता (बैंक दाखिला गरी) गरेको पाइयो । आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३३ को खण्ड(क) अनुसार साल तमाम हुनुभन्दा कम्तिमा सात दिन अगाडी नै आर्थिक कारोवार बन्द गरी बाँकी रहेको रकम फिर्ता पठाउनु पर्नेमा सो अनुसार नगरी ढिलो गरी फिर्ता दाखिला गरेको पाइयो ।	
	फिर्ता गरेको मिति / फिर्ता दाखिला रकम २०७६/४/१९ / ६८५९२४५.१४ २०७६/४/२० / ६०२८३८३.०० २०७६/५/३० / १३५७०००.०० **जम्मा** / **१४२४४६२८.१४**	
८.	**पूँजिगत खर्च :** यस वर्षको गाउँसभाले पारित गरेको वार्षिक बजेट रु ३७ करोड ६२ लाख ७७ हजार रहेकोमा सो मध्ये रु ५ करोड चालु तर्फ र रु २३ करोड ४५ हजार प्रतिशत पुँजिगत तर्फ विनियोजन गरेको छ । आर्थिक वर्षको अन्तमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम समेत सामाजिक सुरक्षा बाहेक चालु खर्च रु १६ करोड १९ लाख १७ हजार र पूँजिगत खर्च रु १५ करोड ३ लाख ९४ हजार भएको देखिन्छ । पुँजिगत खर्च शिर्षकमा विनियोजन अनुरुप खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
९.	**आयोजनाको वर्गिकरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(४) मा गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिम योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा मध्यम तथा दीर्घकालिन आयोजनाहरुको सूची तयार पारेको देखिएन । गाँउपालिकाको आर्थिक हित र विकासमा टेवा पुग्ने योजना छनौट गरी सोही योजनालाई दीर्घकालिन योजनाको रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१०.	**चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल पूँजिगत खर्च रु १५ करोड ३ लाख ९४ हजार भएकोमा प्रथम चौमासिकमा रु १४ लाख ४० हजार अर्थात ०.९६ प्रतिशत, दोश्रो चौमासिकमा रु १ करोड ३४ लाख ७१ हजार अर्थात ८.९५ प्रतिशत, तेश्रो चौमासिकमा रु १३ करोड ५४ लाख ८३ हजार अर्थात ९०.०९ प्रतिशत र आषाढ महिनामा मात्र रु ९ करोड ८९ लाख ७० हजार खर्च गरी वार्षिक खर्चको तुलनामा ६५.८१ प्रतिशत खर्च गरेको छ । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभावमा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सन्चालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ ।	
११.	**ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष १३ बटा वोलपत्र आव्हान गरेकोमा रु १० करोड ७९ लाख ८२ हजारका १० वटा ठेक्का सम्झौता गरेको छ । ढिला ठेक्का आव्हान भएकोले दोश्रो चौमासिकमा २ र तेश्रो चौमासिकमा ८ बटा ठेक्का सम्झौता गरेको तथा ३ वटा रद्ध भएकोछ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी दोश्रो र अन्तिम चौमासिकमा ठेक्का सम्झौता गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य प्रथम चौमासिकमा गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । यसरी खरिद नियमावलीले तोकेको चौमासिकमा ठेक्का व्यवस्था नगर्दा कामको अनुगमन र सुपरीवेक्षणमा कमी आइ गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा ठेक्का व्यवस्थापनलाई प्रभावकारी वनाउन नियमको पालना गर्नुपर्ने देखिन्छ ।	
१२.	**न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ९ बमोजिम सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा खुल्ला रुपमा वोलपत्र आव्हान गरी गर्नुपर्नेछ र दफा २६(६) मा कुनै वोलपत्रदाताले आपसमा मिलेमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्रहरु रद्द हुने व्यवस्था गरेको छ । यस कार्यालयले आव्हान गरेका निम्नानुसारका वोलपत्रहरुमा लागत अनुमानका हाराहारीमा ठेक्का प्रदान गरेको देखिन्छ । न्यून संख्यामा वोलपत्र विक्रि तथा दाखिला भएकोले वोलपत्रमा न्यून प्रतिस्पर्धा भएको देखिन्छ । प्रतिस्पर्धा न्यून हुनुका कारणहरुमा कार्यालयले वोलपत्रदाताको मिलोमतो सम्वन्धमा ध्यान पुऱ्याएको देखिदैन । वोलपत्रमा अधिक प्रतिस्पर्धा बनाउने तर्फ कार्यालय सजग रहनु पर्दछ । राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशन भएका ठेक्काहरुमा ४० प्रतिशत सम्म घटीमा कबोल भएकोमा	

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
	शिलवन्दी दरभाउपत्रहरु स्थानीय पत्रिकाहरुमा मात्र प्रकाशन गरेकोले समेत न्यून प्रतिस्पर्धा भएको देखिन्छ । खरिद प्रक्रियालाई प्रतिस्पर्धि र मितव्ययी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।	

सि.न	ठेक्का नम्बर	कामको विवरण	बोलपत्र		लागत अनुमान	संझौता रकम	घटी %
			विक्रि	दाखिला			
१.	१०/०७५/७६	चन्देश्वर घर पूर्व साहेवगंज सडक बाटो	३	३	६५२४८३.६२	६५१४५६.३०	०.१५
२.	९/०७५/७६	चन्देश्वर घर पूर्व साहेवगंज सडक बाटो	३	३	६६४१८२.६५	६५१४३८.७९	१.९२

१३.	**जिन्सीको व्यक्तिगत अभिलेख खाता :** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका,२०७५ को दफा १८ अनुसार सवारी साधन, मेशिनरी उपकरण, फर्निचर लगायत कार्यालयले उपलव्ध गराएको खर्च भएर नजाने जिन्सी सामाग्रीहरु प्रचलित जिन्सी खातामा अभिलेख राख्नुका साथै प्रत्येक निजामति कर्मचारी, पदाधिकारी र पदाधिकारीका निजी सचिवालयमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत रुपमा अलग अलग खाता/पानामा समेत विवरण टिपोट गरी निकायका प्रमुखबाट प्रमाणित गराएर अनुसूची १ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाको जिन्सी खाताको अभिलेख परिक्षण गर्दा अनुसूची १ अनुसारको अभिलेख तयार पारी कार्यालय प्रमुखबाट प्रमाणित गराई राखेको पाइएन । निर्देशिका बमोजिमको अभिलेख तयार नभएकोले कार्यालयको खर्च भएर नजाने जिन्सी सामानको प्रयोग र अवस्था एकिन हुन सकेन । तोकिए वमोजिमको अभिलेख तयार गरी जिन्सी सामानको सदुपयोग गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
१४.	**वित्तीय जवाफदेहिता एवम उत्तरदायित्व र कानूनको पालना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । उक्त बिषयमा गाउँपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो : ● प्रत्येक तहको कार्य विवरण बनाई लागु नगरेको, ● उपभोक्ता समिति र लाभग्राही समुह मार्फत सञ्चालन गरेको योजनाहरुको विवरण तयार नगरेको, ● उपभोक्ता समितिको गठन, संझौता र कामको विवरण सहितको अभिलेखांकन नगरेको, ● राजश्वको लगत तयार नगरेको, वडामा उठ्ने राजश्वको लक्ष्य निर्धारण नगरेको, ● पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको, स-साना योजनालाई प्राथमिकतामा राखेको, ● कर तथा शुल्कको ठोस आधार निर्माण नगरेको, राजश्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको, ● संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको, कोषहरुको कार्यविधि कानून नबनाएको, ● प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरी तेश्रो चौमासिकमा ठेक्का व्यवस्थापन गरेको, ● उपभोक्ताले खरिद गरेको सामान परिमाण र नापी तथा उपयोग नभिडेको, ● चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरेको, ● कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको, तलवी प्रतिवेदन पारीतमा पूर्णता कायम नगरेको, ● प्राप्ती तथा भूक्तानीको विवरण सार्वजनिक नगरेको, ● कार्यालयको सवारी साधन मर्मत गर्दा प्रयोग गरिने मलेप फारम नं.२ प्रयोग नगरेको, ● आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको, ● एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत तयार र निरीक्षण नगरेको, नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली	

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
	तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ ।	
१५.	**ज्यालादर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था अन्तरगत यस कार्यालयको दर निर्धारण समितिले मिक्स गिटि ढूवानी र कामदारको ज्याला बाहेक अन्य दर जिल्ला दर रेटको नै हुने उल्लेख गरेको छ । दर रेट निर्धारण समितिले अन्य दर घटाएको भए तापनि कामदारको ज्याला जिल्ला दररेट भन्दा दक्ष जनशक्तिमा रु १०० र अदक्ष कामदारको रु १७५ ले वढी निर्धारण गरेको छ । कामदारको दैनिक ज्याला जिल्ला दररेटमा भन्दा वढी बनाउनुको कारण उल्लेख गरेको छैन । गाउँपालिका दररेट यथार्थपरक बनाउने तर्फ ध्यान दिनु पर्दछ ।	
१६.	**परामर्शदाता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ अनुसार यस कार्यालयले भवन निर्माणको डि.पि.आर तयार गर्नका लागि कार्यक्षेत्रगत शर्त सहितको विवरण तयार गरी सुचना प्रकाशन गरेको छ । कार्यालयद्धारा ४ तले कार्यालय भवन निर्माणको डि.पि.आर निर्माणको लागि प्रकाशित सुचनाका आधारमा ३ वटा फर्मले प्रस्ताव पेश गरेकोमा आर्थिक र प्राविधिक रुपमा योग्य भनि नेपाल आर्किटेक कन्सल्ट प्रा.लि लाई छनौट गरेको छ । कार्यालयले तयार गरेको प्रस्ताव सम्वन्धी कागजात अनुसार मुख्य मुख्य जनशक्तिको योग्यता र अनुभवमा ६० अंक उल्लेख गरेको छ । यस गाउँपालिकाले छनौट गरेको प्रस्तावदाताका मुख्य मुख्य जनशक्तिको रुपमा रहेका अर्वन प्लानर, स्ट्रक्चर इन्जिनियर, इलेक्ट्रिकल इन्जिनियर र वातवरणविदहरु अन्य संस्थाहरुमा कार्यरत रहेको व्यक्तिगत विवरण पेश गरेको अवस्थामा समेत पुरा अंक प्रदान गरी छनौट गरेको छ । निजसंग भएको सम्झौतामा प्रिलिमिनरी रिपोर्ट र डिजाइन कार्यालयले स्वीकृत गरेपछि ड्राफ्ट रिपोर्ट तयार गर्नुपर्ने, ड्राफ्ट रिपोर्ट स्वीकृत भएपछि अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको देखिएन । तोकिएको योग्यतानै नपुगेको परामर्शदाता छनौट गरी भुक्तानी दिएको अनियमित देखिएको रु	१०८४३७५.००
१७.	**आवास निर्माण :** देवानगंञ्ज आवास योजना अन्तरगत ह्याविट्याट फर ह्यूम्यानिटी , कार्यालय र सम्वन्धित व्यक्तिहरुको क्रमश १५ लाख ५-५ लाखको आधारमा प्रतिघर २,५०,०००।०० लगानीमा आवास निर्माणको लागि रु ५ लाख भुक्तानी गरेको छ । कार्यालयले भुक्तानी गर्दा गाँउपालिका अन्तरगत निर्माण हुने आवास योजनाका लाभान्वित समुहको अभिलेख नराखेको तथा असारको अन्तिममा भुक्तानी गरेकोमा निर्माण हुने भवनहरुको ड्रईङ डिजाईन र निर्माण कार्य सम्पन्न भएको देखिदैन । कार्यालयले लाभान्वित समुहका लागि भुक्तानी गर्दा निर्माण भएका आवास गृह र लाभान्वित व्यक्तिहरुको अभिलेख राखि भुक्तानी गर्नु पर्दछ ।	
१८.	**खरिद सम्झौता :** देवानगञ्ज गाउँपालिका वडा १, २, ७, मेन रोड पूर्व विनोदको घर देखि सुदिमलाल यादव पूर्व हेल्थपोस्ट सुदिमलाल पश्चिम बालकृष्णको घर हुँदै मेन रोड सम्मको बाटो निर्माणका लागि रु ४२८०७२३१।०६ को लागत अनुमान तयार भई ठे.न १।०७५।७६ मार्फत वोलपत्र आव्हान गरेकोमा न्यून कबोलकर्ता साह/आर.के. जेभि संग रु ३,४४,१२,७५०।०८ (भ्याट समेत) को संझौता भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् :	
१८.१.	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको साथै सार्वजनिक लेखा समितिको २०७१।८।२५ को निर्णय /निर्देशन ८ बमोजिम पूर्वानुमान गर्न सकिने परिस्थितिमा भेरिएसन दिन नमिल्ने उल्लेख छ । लागत अनुमान र वोलपत्र संझौता अन्तरगत मुख्य कार्यहरु कालोपत्रे सडक र ड्रेनेज निर्माणको काम रहेकोमा ड्रेनको काम गर्नु नपरेको तथा कालोपत्रेको काम वढी गर्नुपरेको जनाई मिति मा ३.९९ प्रतिशत भेरियशन स्वीकृति मार्फत रु ३५७८४११८।७२ को परिमार्जित खरिद संझौता गरेको छ ।	
१८.२.	ड्रेनको काम गर्नु नपरेको भनि भेरिएशन आदेश स्वीकृत गरी लागत अनुमान संशोधन गरेको अवस्थामा समेत आईटम १८ को Providing and laying reinforcement including cutting, blending, binding, fixing को काम लागत अनुमानमा RCC को १ प्रतिशत हुने उल्लेख गरेको काममा शुरु लागतमा तोकिएको १२०१।०५ के.जि भन्दा १४१।३० केजि थप लाग्ने गरी भेरियशन आदेश स्वीकृत भएको छ । लागत अनुमान र संझौतामा उल्लेख भएको RCC को परिमाणमा ३.७५ प्रतिशतले घटी भएको अवस्थामा	

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
	फलामको परिमाण घटी नहुनुको आधार प्रमाणित हुनुपर्ने देखिन्छ ।	
१८.३.	संझौताको GCC 24 मा safety, security and proction of the environment, GCC 34 मा समय नियन्त्रण अन्तरगत वातावरण सुरक्षाका लागि धुलो लगायतका प्रदुषण नियन्त्रण र कामको कार्यतालिका विवरण आयोजना प्रमुख समक्ष पेश गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । यस वर्ष प्रथम रनिंग विल सम्मको रु ९५२७४८९।९१ को काम भएकोमा संझौतानुसार कामको कार्य तालिका र वातावरण संरक्षण को क्रियाकलाप सहितको विवरण पेश गरेको देखिएन । यसको साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ अनुसार विमा गराउनुपर्नेमा गराएको देखिएन ।	
१९.	**अमानतबाट कार्य:** बिभिन्न वडाका अध्यक्षको सिफारिसमा वडा सचिव एवं अन्य कर्मचारी मार्फत भएको कार्यको मूल्यांकन गरी सम्बन्धित कर्मचारीलाई भुक्तानी दिएको देखिन्छ । यसरी कर्मचारी मार्फत अमानतमा कार्य गराउने सम्बन्धमा निर्णय भएको समेत नदेखिएको एवं यस प्रकार कर्मचारीबाट कार्य गराएको तथा अमानतबाट काम गराउँदा समेत कन्टिन्जेन्सी काटेको नियमित नदेखिएको रु.	१०९५०.००

गो.भौनं./मिति	कार्य गर्ने कर्मचारी	काम विवरण	भुक्तानी रकम	कन्टिन्जेन्सी
१५१/०७६/३/२७	मुखिया रणधिर कुमार शाह	कम्पाउण्ड वाल निर्माण	३६५०००.००	१०९५०.००
१८५/०७६/३/२९	ववितता कुमारी मेहता	कर्कटपाता खरिद	४८४९९.००	-
१६३/०७६/३/२९	खरिदार सुकल प्रसाद मेहता	ह्युम पाइप खरिद	४४२०५.००	-
	जम्मा		**४५७७०४.००**	**१०९५०.००**

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
२०.	**उपभोक्ता समिति गठन :** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ को दफा १४ मा यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समुह, सामुदायिक संस्था जस्तै सामुदायिक वन, सामुदायिकस्तरका सहकारी संस्थाहरु, टोल विकास संस्था, आमा समुह, कृषि समुह, कानुन बमोजिम गठन भएका अन्य सामुदायिक संगठन जस्ता संस्थाहरुबाट स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस्ता संस्थाहरुबाट यस कार्यविधि बमोजिम कार्य सञ्चालन गर्न/गराउन सकिने व्यवस्था छ । यस गाउँपालिका अन्तरगतका निम्नानुसारका लाभग्राही समुहहरु मार्फत काम गराउँदा आमभेलाबाट निर्णय भई आएको देखिएन । कार्यविधि अनुरुप समुह गठन गर्न लगाइ काममा लगाउनु पर्दछ । आम भेलाबाट लाभग्राही समुह गठननै नगरी निम्नानुसारको लागत अनुमान भएका योजनाहरुको सञ्चालन भएका छन् । यसको विवरण निम्नानुसार रहेको छ ।	

सि.न	समुहको नाम	कामको विवरण	गाँउपालिकाले व्यहोर्ने रकम	कैफियत
१.	मदरसा ईस्लामिया व्यवस्थापन समिति	भवन निर्माण	२५००००.००	-
२.	सरस्वती आधारभुत विद्यालय	घेराबार	२५००००.००	-
३.	सरस्वती आधारभुत विद्यालय	विद्युत्तीकरण	७७३९५.००	-
४.	दुर्गा मन्दिर व्यवस्थापन समिति	भवन निर्माण	९४००००.००	समुहमा महिला सदस्य न्यून
५.	जनता विद्यालय मर्मत	भवन मर्मत	२००००००.००	विद्यालय व्यवस्थापन समिति लाई विद्यालयको खाता मार्फत भुक्तानी
		जम्मा	**१७१७३९५.००**	

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
२१.	**खोप लगाएको :** भौ.न १३१ मिति २०७६।३।२५ पशु खोप कार्यक्रम सञ्चालन गर्न २ नं वडा कार्यालयको सिफारिश प्राप्त गरी काम सम्पन्न गरेको आधारमा रु ५००००।०० भुक्तानी दिएको छ । खोप कार्यक्रम सञ्चालन हुने सार्वजनिक सुचना जारी गरेकोमा सो सुचनामा कार्यक्रम आयोजना स्थल र मिति जस्ता विषयहरु नखुलेको अवस्थामा २००० वटा पशुहरुलाई खोप लगाएको जनाई प्रति खोप रु १० को दरले २००००।०० भत्ता वुझेको देखिएको छ । कार्यालयको पशु शाखाले सञ्चालन गरेको कार्यक्रममा सोही कार्यालयका प्राविधिकलाई खोप वापत थप रकम भुक्तानी दिनुपर्ने र प्रति खोप रु १० लाग्ने आधार प्रमाणित गरेर मात्र भुक्तानी दिनु पर्दछ ।	
२२.	**उपभोक्ता समितिबाट ठेक्का :** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ को बुँदा ४(१) ञ र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन सकिने छैन । कुनै कारणवश सो समिति वा समुदाय आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्नेछ भन्ने व्यवस्था छ । निम्नानुसारको कामका लागि उपभोक्ता समितिसंग संझौता गरेकोमा उपभोक्ता समितिले विभिन्न	

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
	निर्माण व्यवसायीहरुको विल भरपाई पेश गरेको आधारमा भुक्तानी दिएको छ । उपभोक्ता समिति आफैले काम सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायी मार्फत काम गरेको अवस्थामा समेत भुक्तानी दिएको केहि उदाहरणहरु निम्नानुसार रहेको छ ।	

सि.न	उपभोक्ता समितिको नाम	काम	निर्माण व्यवसायी	रकम
१.	साविक ९ ग्राभेल पुल खानेपानी मेनरोड मरिया खोला बाटो ग्राभेल नि.उ.स	बाटो ग्राभेल	कुशवाह निर्माण सेवा प्रा.लि	७९७३२८.००
			राम जानकी सप्लायर्स	९०११७५.००
२.	रामुको घर देखि पश्चिम कालोपत्रे बाटो सम्मको बाटो मर्मत	बाटो मर्मत	रौताहा/आर.के जे.भी	१९२०००.००

२३.	**सोझै खरिद :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा यस ऐन र ऐनअन्तरगत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने, र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका संग खरिद गर्नुपर्ने, नियम ८५(१ख) वमोजिम एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी ५ लाख भन्दा वढी रकमको वा एउटै अपूर्तकवाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नसकिने व्यवस्था विपरित खरिद कार्य गर्दा लागत अनुमान वेगर टुक्रा टुक्रा पारी तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र भएकासंग खरिद गर्नु नपर्ने गरी २० हजार भन्दा कमका विलबाट मसलन्द तथा कार्यालय सामान, पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन, अन्य कार्यालय सञ्चालन, फर्निचर, मेशिनरी औजार लगायतका सामान खरिद गरेको विवरण निम्नानुसार रहेको छ । सार्वजनिक निकायद्धारा भएको खरिदसम्वन्धी कार्यविधि र प्रक्रिया खुला , पारदर्शी, बस्तुनिष्ठ र विश्वसनीय बनाउन तथा खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी खरिद कार्य गर्नु पर्ने रु	४२८१७५०.९०

सि.न	भौ.न र मिति	फर्मको नाम	सामानको विवरण	रकम
१.	१५९/०७६/३/२८	चाँदनी कार्पेट एण्ड डेकोरेशन	कार्पेट लगायतका सामान	९८०८४.००
२.	१६०/०७६/३/२८	चाँदनी कार्पेट एण्ड डेकोरेशन	कार्पेट र फर्निचर	४९८१०४.००
३.	१६१/०७६/३/२८	लक्ष्मी फर्निसिंग सेन्टर	कार्पेट र फर्निचर	४९२८३८.००
४.	१३८/०७६/३/२६	त्रिवेणी इलेक्ट्रोनिक्स	ए.सि, स्टेप्लाइजर	४५३८०८.००
५.	१३९/०७६/३/२६	पि एण्ड वि सप्लायर्स	सडकमा सोलार वत्ति	४३९४७२.००
६.	१४३/०७६/३/२६	जय लक्ष्मी इलेक्ट्रिक स्टोर्स	सडकमा सोलार वत्ति	१३५६१६.००
७.	२१४/०७६/३/३१	सुभाष निर्माण सेवा	बाटो ग्राभेल	३८४६८३.०७
८.	२१२/०७६/३/३१	सन्दर्भ कन्स्ट्रक्सन प्रा.लि	टुवेल खरिद	१४८६१५.००
९.	२११/०७६/३/३१	सन्दर्भ कन्स्ट्रक्सन प्रा.लि	टुवेल खरिद	१९८९३६.००
१०.	२२९/०७६/३/३१	सन्दर्भ कन्स्ट्रक्सन प्रा.लि	वाल निर्माण	१०००००
११.	१९०/०७६/३/२९	न्यू सवनम निर्माण सेवा	भवन मर्मत	४३३६८५.०३
१२.	४५/०७६/२/१३	प्रचवी विल्डर्स	वडा ७ कार्यालय मर्मत	४८४२३२.८०
१३.	३५/०७६/२/१	बुढा सुव्वा निर्माण सेवा	वडा ७ कार्यालय पार्किंग	४१३६७७.००
			जम्मा	**४२८१७५०.९**

२४.	**कार्यक्रम विपरित खर्च :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३५ (२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्वन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न वाँकी रहेको कुरालाई विचार गरी खर्च गर्न वा खर्च गर्ने निकासा दिनु पर्दछ भन्ने उल्लेख छ । यस गाँउपालिकाको वार्षिक कार्यक्रम अनुसार महिला स्वास्थ्य स्वयं सेविकालाई साइकल वितरण गर्ने कार्यक्रम अन्तरगत साइकल वितरण नगरी वडा १ का १३ जनालाई यातायात खर्च नगदै प्रति व्यक्ति रु ६१५३।०० का दरले रु ८००००।०० कार्यक्रम विपरित वितरण गरेको अनियमित देखिएको रु	८००००.००
२५.	**कार्यक्षेत्र बाहिरको खर्च:** नगरपालिकाले सञ्चालन गरेको कार्यक्रममार्फत स्थानीय जनताले प्राप्त गर्ने सेवा सुविधाको सम्वन्धमा उल्लेख नगरी भौ.न ३०।०७५।१२।२० मा हरिनगरा गाउँपालिकाको हरिनगरा माध्यामिक विद्यालय हरिनगरालाई वाउन्ड्रिवाल निर्माण सहयोग स्वरुप रु १००००००।०० उपलब्ध	१००००००.००

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
	गराएको छ । अन्य गाउँपालिकाको सिमाक्षेत्रभित्रको विद्यालयमा सहयोग गर्दा सम्वन्धित स्थानीय तहलाई जानकारी नगराएको तथा आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको विद्यालयमा स्पष्ट आधार वेगर रकम भुक्तानी गरेको नियमित नदेखिएको रु	
२६.	**निर्माणस्थलको व्यवस्था**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । यस गाँउपालिकाले वडा ४ र ६ कार्यालय ऐलानी जग्गामा निर्माण कार्य गर्ने निर्णय गरेको छ । निर्माण स्थलको स्वामित्व प्राप्त नगरी निर्माणको कार्य अगाडी बढाउनु हुदैन ।	
	बजेट उपशिर्षक : ८०११४५०३५०१ (संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम)	
२७.	**बार्षिक कार्यक्रम :** बार्षिक बजेट पुस्तिकामा उल्लेख भएका कृयाकलापको सम्पन्न गर्ने मिति (अवधि),स्थान र परिमाण तोकी सोही अनुसार सम्पन्न गर्ने र सम्पन्न कामको अनुगमन मुल्यांकनको लागि प्रगति विवरण समेत तयार गर्नुपर्नेमा हरेक कामलाई १ कार्य मानी बजेट तथा कार्यक्रम स्वीकृत गरेको देखिन्छ । प्रगति विवरण तयार गरेको तथा अनुगमन मुल्यांकन प्रतिवेदन तयार गरेको देखिदैंन । बार्षिक बजेटले लक्षित गरेका काम निर्धारित बजेटको परिधिभित्र रही सबै काम समयमा भए नभएको सम्बन्धमा अनुगमन तथा मुल्यांकन गर्न सकिने गरी कार्यक्रम निर्धारण गर्ने र सम्पन्न गरेपछि अनुगमन मुल्यांकन समेत गर्नुपर्दछ । कार्यक्रम सञ्चालन सम्बन्धी केहि उदाहरण निम्नानुसार छन्:	

गौ.भौ.नं.। मिति	कार्यक्रमको नाम (सम्पन्न गरेको)	खर्च
६४/०७५/१२/५	अन्तर्राष्ट्रिय नारी दिवस कार्यक्रम	२००००
९४/०७६/३/१४	महिला स्वास्थ्य स्वयंसेविका दोश्रो अर्धवार्षिक समिक्षा बैठक –राजगंज सिनुगरी	२९४५०
९८/०७६/३/१५	महिला स्वास्थ्य स्वयंसेविका दोश्रो अर्धवार्षिक समिक्षा बैठक कप्तानगंज	२४३००
१०२/०७६/३/१५	महिला स्वास्थ्य स्वयंसेविका दोश्रो अर्धवार्षिक समिक्षा बैठक मध्यहर्षाही	३४६५५
१०३/०७६/३/१५	स्वास्थ्य चौकीहरुको सामाजिक परीक्षण	१०००००
१०४/०७६/३/१५	विद्यालयहरुमा स्पानीटरी प्याड वितरणको लागि खरिद	२४७४७
१२१/०७६/३/१८	बालबालिका माथि हुने शारीरिक,मानसिक दण्ड सजाय तथा योनजन्य दुर्व्यव्यहार न्युनिकरण कार्यक्रम संचालन	३३०००
१२७/०७६/३/१९	पूर्णखोप दिगोपना कार्यक्रम (छलफल,अन्तरकृया)	११८५०
१३४/०७६/३/१९	पशुतर्फ डिभिजन सर्भिलेन्स रिपोर्टिङ्ग	३००००
१४४/०७६/३/२०	प्रजन्न स्वास्थ्य कार्यक्रम अनुगमन	३००००
१४६/०७६/३/२१	कृषि चुन वितरण ९७ जना कृषकलाई	४५०००
	जम्मा	**३८३००२**

२८.	**कन्टिञ्जेन्सी कट्टी :** कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम कार्यान्वयन सम्बन्धि सामान्य मार्गदर्शनको बुदाँ नं.ख को २१ नं.(कार्यक्रम कार्यान्वयनको मार्गदर्शन) मा भौतिक सुविधा विस्तार कार्यक्रमको लागि विद्यालयलाई दिइने रकम निर्माण कार्यमा मात्र खर्च गर्नुपर्ने भएकोले छुट्याइएको रकम कन्टीञ्जेन्सी वापत कटाई निकासा दिन नहुने उल्लेख छ । निर्माण कार्य गरी विल पेश गरेको आधारमा विद्यालयहरुलाई दिएको निकासामा निम्नानुसार कन्टिञ्जेन्सी वापत रु ३,२२,३०५। कट्टा गरी निकासा दिएको पाइयो । साथै उक्त रकम गाउँ कार्यपालिकाको कार्यालयले गो.भौ.नं. १७२ मिति २०७६।३।२९ बाट सुनसरी आयल स्टोर्सको विल अनुसार र सवारी लगबुक र जेनेरेटरमा खर्च भएको लगबुक पेश गरी डिजेल रु २,६४०। लिटर र पेट्रोल ६९१ लिटरको रु ३,२२,३०५।०० खर्च लेखेको रु	३२२३०५.००

गौ.भौ.नं./मिति	विद्यालयको नाम/काम	अनुदान खर्च	कन्टीञ्जेन्सी कट्टी	खुद अनुदान खर्च
९२/०७६/३/१२	गणेश आ.वि./४ कोठे भवन निर्माण	५०८१४७.००	१६४००.००	४९१७४७.००
९५/०७६/३/१३	पदम आ.वि./२ कोठे भवन निर्माण	५८३९८३.००	४८००.००	५७९१८३.००
११०/०७६/३/१७	श्री मा.वि. पाचौ सिमर/४ कोठे भवन निर्माण	११२७५२९.००	३३८२६.००	१०९३७०३.००
१५२/०७६/३/२२	अमरसिंह मा.वि.,प्राविधिक तथा व्यासायिक विद्यालय/नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण	५१९०५३०.००	१५११८०.००	५०३९३५०.००
१५३/०७६/३/२३	श्री मा.वि.पाचौं सिमर/४कोठे भवन निर्माण	५०६०५२.००	१५०००.००	४९१०५२.००
१५५/०७६/३/२३	कृष्ण मा.वि./४कोठे भवन निर्माण	१२४२२३७.००	३७२६६.००	१२०४९७१.००
१५६/०७६/३/२३	कृष्ण मा.वि./शौचालय निर्माण	४४९२४९.००	१३४७८.००	४३५७७१.००
१५७/०७६/३/२३	गणेश आ.वि./२ कोठे भवन निर्माण	६७५६२२.००	२०२६८.००	६५५३५४.००
१५८/०७६/३/२३	पदम आ.वि./२कोठे भवन निर्माण	५५३६४४.००	१६६१०.००	५३७०३४.००
१६०/०७६/३/२४	अमरसिंह माध्यमिक,प्राविधिक तथा व्या.वि./शौचालय निर्माण	४४९२४९.००	१३४७७.००	४३५७७२.००
		११२८६२४२.००	३२२३०५.००	१०९६३९३७.००

२९.	**औषधीको लोगो :** निशुल्क औषधी वितरण निर्देशिका २०६४ अनुसार निशुल्क वितरण गर्ने औषधीमा "निशुल्क वितरणको लागि" भन्ने लोगो लगाएको हुनुपर्नेमा भण्डार (स्टोर) मौज्दात रहेका निम्न औषधीको अवलोकन गर्दा निम्नानुसार भएको पाइयो ।	

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम

सि.नं.	औषधीको नाम	खरिद परिमाण	खर्च परिमाण	बाँकी परिमाण	लोगो भए / नभएको
१	मेट्रोनिडाजोल ट्याब्लेट ४०० एमजी	१०००० ट्याब्लेट	६४०० ट्याब्लेट	३६०० ट्याब्लेट	भएको
२	मेट्रोनिजजोल सस्पे.२००/५ एमएल	१५०० फा.	०	१५०० फा.	नभएको
३	सालबुटामोल ट्याब्लेट ४ एमजी	१०००० ट्याब्लेट	९००० ट्याब्लेट	१००० ट्याब्लेट	नभएको
४	पोभिडिन आयोडिन फा.	५० बोतल	३१ बोतल	१९ बोतल	नभएको
५	एजिथ्रोमाइसिन ट्याब्लेट ५०० एमजी	१५०० ट्याब्लेट	१३०० ट्याब्लेट	२०० ट्याब्लेट	नभएको

माथि उल्लेख गरे अनुसार ५ औषधी मध्ये ४ वटामा लोगो नलगाएको पाइयो । लोगो नलगाइ खरिद गर्ने र वितरण गर्नाले औषधीको दुरुपयोग हुन सक्ने भएकोले औषधी खरिद गर्दा अनिवार्य रुपमा लोगो लगाएको मात्र खरिद र वितरण गर्नुपर्दछ ।

३०. **धरौटी खाता :** म.ले.प.फा.नं.६०२ को ढाँचामा गोश्वारा धरौटी खाता तयार गरी राख्नुपर्नेमा उक्त धरौटी खाता राखेको पाइएन । तोके बमोजिमको धरौटी खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

३१. **न्यायिक समिति :** गत वर्षको जिम्मेवारी सरेका १७९ वटा र चालु वर्षको दर्ता १२० समेत कुल मुद्धा २९९ मध्ये यस वर्ष २१ वटा फछ्र्यौट भई २७८ वटा मुद्धा फछ्र्यौट गर्न बाँकी रहेको देखिन्छ । नियम अनुसार समयमा नै फछ्र्यौट गर्न ध्यान पुऱ्याउनु पर्दछ ।

३२. **इन्धन सुविधा :** कार्यपालिकाको मिति २०७५।६।२१ को निर्णयबाट कार्तिक देखि ७ वडाका अध्यक्षलाई प्रति महिना रु ७,०००। का दरले जम्मा रु ४,४१,०००। तथा ३० जना सदस्यलाई रु १,५००। का दरले रु ४,०५,०००। जम्मा रु ८,४६,०००/ भुक्तानी खर्च लेखेको छ । गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को अनुसची १(क) मा वडा अध्यक्ष तथा सदस्यहरुलाई इन्धन सुविधा दिने व्यवस्था नभएकोमा कार्यपालिकाको निर्णयबाट थप सुविधा प्रदान गरेको अनियमित रु — ८४६०००.००

३३. **पदाधिकारी अनुगमन बैठक भत्ता :** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ दफा ३ को अनुसची १(क) मा व्यवस्था भएको अनुगमन भत्ता मासिक भुक्तानी लिएकोमा निम्नानुसार योजना अनुगमन भत्ता वापत रु १६५०००। खर्च लेखेकोले ऐन व्यवस्था नभएको खर्च लेख्ने आधार वेगर खर्च गरेको रकम अनियमित देखिएको रु — १६५०००.००

गो.भौ.नं.मिति	विवरण	वडा	अनुगमन बैठक	दर	भुक्तानी रकम
९२७/०७६/३/३०	संयोजक अनिल कुमार भगत	३	३३	१०००	३३०००.००
९२७/०७६/३/३०	सदस्य कमलेश यादव	३	३३	१०००	३३०००.००
९२७/०७६/३/३०	सदस्य राम ब.मेहता	३	३३	१०००	३३०००.००
९२७/०७६/३/३०	सदस्य सम्तुलिया देवी वातर	३	३३	१०००	३३०००.००
९२७/०७६/३/३०	सदस्य सेरा खातुन	३	३३	१०००	३३०००.००
	जम्मा				**१६५०००.००**

३४. **योजना अनुगमन भत्ता :** गाउँ तथा नगरसभाका सदयहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को अनुसची १(क) मा व्यवस्था भए अनुसारको अनुगमन भत्ता मासिक रुपमा भुक्तानी लिएकोमा निम्नानुसार योजना अनुगमन गरेको भत्ता वापत रु ६,४६,४०० । खर्च लेखेकोले ऐनमा व्यवस्था नभएको खर्च लेख्ने आधार वेगर खर्च गरेको रकम अनियमित देखिएको रु — १२४०००.००

गो.भौ.नं.मिति	विवरण	वडा नं.	अनुगमन संख्या	दर	भुक्तानी रकम
८२६/०७६/३/२५	वडाध्यक्ष बद्री प्रसाद यादव	७	२५	१०००	२५०००.००
९१८/०७६/३/२९	वडाध्यक्ष चन्देश्वर मेहता	४	२४	१०००	२४०००.००
८९४/०७६/३/२९	वडाध्यक्ष सुरेन्द्र पाल	१	१७	१०००	१७०००.००
९१३/०७६/३/२६	वडाध्यक्ष मजुनु मियाँ	२	२०	१०००	२००००.००
८५१/०७६/३/२६	वडाध्यक्ष देव नारायण मेहता	६	१८	१०००	१८०००.००
९२९/०७६/३/३०	वडाध्यक्ष अशोक यादव	५	२०	१०००	२००००.००
	जम्मा				**१२४०००.००**

३५. **तलवी प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक

सि.न	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	वेरुजु रकम
	कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै दफा७ ख २ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ । साथै प्रदेश १ प्रदेश सरकारले जारी गरेको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ को दफा २० (२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेख्न नपाइने, तलबी प्रतिवेदन पारित नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने छ भन्ने व्यवस्था छ । १२ जना कर्मचारीको तलबी प्रतिवेदन पारित नगराई रु ४६,४४,४५०। तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित गराई खर्च गर्नुपर्दछ ।	
३६.	**अन्य पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७७ बमोजिम निम्नानुसार फर्म कम्पनी तथा संस्थालाई दिईएको पेस्की फछ्र्यौट हुनु पर्ने रु	१८१८४६७३.००

पेश्की मिति	पेश्की लिनेको नाम/पद	पेश्की रकम
४३/०७६/२/१२	सरिता निर्माण सेवा	४५५०००.००
६१/०७६/२/२७	सरिता निर्माण सेवा	२५५०००.००
३३/०७५/१२/२२	साह पंडित जेभी	६२९५०००.००
२६,२७/०७६/१२/१२	साह आर.के.जेभी	१११७९६७३.००
	जम्मा	**१८१८४६७३.००**

३७.	**आन्तरिक आम्दानी :** मिति २०७६ अषाढ ८ गतेको कार्यपालिकाको निर्णय नं.६ मा निकासी पैठारी ठेक्कामा ठेकेदार सुनिल कुमार यादवले रु १०,०२,०००। कवोल गरेकोमा सिमावर्ती रुपमा आयात निर्यात वन्द हुदाँ तथा अन्य आन्तरिक कारणले कबुल अंक संकलन गर्न नसकेको निवेदन प्राप्त भएकोले कबुल ठेक्का अंकमा १५ प्रतिशत छुट दिई संकलन गर्ने गरी रु ७९३३०५। नगद तथा छुट रु १,५०,३००। गर्ने निर्णय गरेकोमा कार्यविधि वेगर छुट दिएको रु	१५०३००.००
	आन्तरिक लेखापरीक्षण तर्फ :	
३८.	**कर विजक वेगर खर्च :** सार्वजनिक खरिद नियमावली,२०६४को नियम १९(२क) मा बीस हजार रुपैयाँ भन्दा कमको मालसमान खरिद गर्दा प्यान नं. सो भन्दा बढी कार्य गरेमा करविजक प्रयोग गर्नुपर्नेमा व्यवस्था छ । विज्ञापन खर्च वापत प्रतिक्षण दैनिकलाई रु ४७६४००। भुक्तानी गरेकोमा सोको करबीजक लिएर मात्र भुक्तनी दिनु पर्नेमा पान विलबाट भुक्तानी दिएको पाइयो ।	
३९.	**बेरुजु :** गाउँपालिकाको प्रारम्भिक प्रतिवदेन अनुसार २ करोड ५३ लाख ९२ हजार वेरुजु देखिएकोमा प्राप्त प्रतिक्रियाका आधारमा रु ४३ हजार समायोजन गरी रु. २ करोड ५३ लाख ४९ हजार बेरुजू कायम भएको छ । सोमध्ये नियमित गर्नुपर्ने रु. ७१ लाख ६४ हजार र पेश्की बाँकी रु.१ करोड ८१ लाख ८५ हजार रहेको छ ।	
४०.	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :	

गत वर्षको बेरुजू रकम रु.	यो वर्ष फछ्र्यौट	बाँकी बेरुजू रु.
५५३७	०	५५३७

४१.	**अद्यावधिक बेरुजू स्थिति :** देवानगञ्ज गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :	

गत वर्ष सम्मको फछ्र्यौट गर्न बाँकी रु.	यो वर्षको सं प.बाट कायम बेरुजू	यो वर्षको कायम बेरुजू	बाँकी बेरुजू रु.
५५३७	०	२५३४९	३०८८६

देवानगञ्ज गाउँपालिका
सञ्चित कोष विवरण
२०७५।७६

अनुसूची १

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	देवानगञ्ज गाउँपालिका	सुनसरी	६९४१५	११८१६४	१९४२२०	६३९८३	४४५७८२	१६१९१७	१५०३९४	१३३४७१	४४५७८२	९५६५५

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

अनुसूची २

(रु.हजारमा)

सि. नं	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	सुनसरी	देवानगञ्ज गा.पा	३१	१४	२५३९२	०	३	४३	३१	११	२५३४९	०	७१६४	०	०	०	७१६४	०	१८१८५	१८१८५

अनुसूची ३

अद्यावधिक बेरुजू स्थिति
२०७५।७६

(रु हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बांकी	यो वर्ष सं.प.वाट कायम भएको बेरुजू	यो वर्षको बेरुजू	कुल बाकी बेरुजू
१	देवानगञ्ज गा.पा	सुनसरी	५५३७	०	५५३७	०	२५३४९	३०८८६